म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १६५ बुधबार १० माघ २०८० ने. सं. ११४४ पोहेलाथ्व 24 January 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## सशस्त्र प्रहरी दिवसमा रक्तदान

हेटौंडा, ९ माघ/२३ औं सशस्त्र प्रहरी दिवसको अवसरमा रक्तदान कार्यक्रम आयोजना भएको छ । १४ नम्बर गण हेटौंडा औद्योगिक क्षेत्रले मंगलबार विहान रक्तदान कार्यक्रम आयोजना गरेको हो । रक्तदान कार्यक्रममा २५ जनाले रक्तदान गरेको प्रहरी उपरीक्षक अनिल कार्कीले जानकारी दिए । प्रहरी उपरीक्षक कार्कीको अध्यक्षतामा भएको रक्तदान कार्यक्रम नेपाल रेडक्रस सोसाईटीसँगको समन्वयमा भएको हो । सोही अवसरमा सहिद परिवार लाई सम्मान गरिनुका साथै विभिन्न खेलका उत्कृटलाई पुरस्कृत तथा सम्मान गरिएको थियो ।

मंगलबार साँझ विविध साँस्कृतिक कार्यक्रम आयोजना गरी दिवस समापन गरिएको छ । दिवसको अवसरमा विभिन्न धार्मिक तथा ऐतिहासिकस्थलहरुमा सरसफाई, वृक्षरोपण, भुकम्पसम्बन्धी कार्यक्रम, भलिवल प्रतियोगितालगायत विभिन्न कार्यक्रमहरु गरिएको कार्कीले बताए ।

## मकवानपुरका दुई राप्रपा चुनावपछि पहिलोपटक एक ठाउँमा

साझाकुरा संवाददाता

हेटौंडा, ९ माघ/४ मंसिर २०७९ को प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचनपछि मकवानपुरमा दुई राजावादी दल राप्रपा र राप्रपा नेपाल एक ठाउँमा देखिएको छ ।

मकवानपुरका लागि राप्रपा नेपाल र राप्रपाका दुई ठूला अनुहार कमल थापा र दीपकबहादुर सिंहको चुनावी प्रतिस्पर्धादेखि चिसिएको सम्बन्धले दुई पार्टीलाई एक ठाउँमा ल्याउन सकेको थिएन । पूर्वराजा ज्ञानेन्द्र शाहको एकदिने हेटौंडा भ्रमणले राप्रपा र राप्रपा नेपाललाई एउटै मञ्चमा ल्याइदिएको हो । ज्ञानेन्द्रको स्वागत मूल समारोह समितिमै राप्रपाले राप्रपा नेपाललाई समेटेको हो ।

ज्ञानेन्द्रको भ्रमणमा राप्रपा र राप्रपा नेपालका नेता, कार्यकर्ता संयुक्तरुपमा खटिएको नेता सिंहले बताए । सुरुवातमा राप्रपाले आफू निकटकालाई मात्रै स्वागत समितिमा राखेको र ज्ञानेन्द्र आउने निश्चित भएपछि राप्रपा नेपालकै आग्रहमा संयुक्त समिति बनाइएको राप्रपा मकवानपुरका सहकोषाध्यक्ष सन्दिप सापकोटाले जानकारी दिए । ज्ञानेन्द्र शाहको भ्रमणका लागि राप्रपा नेपालका अध्यक्ष कमल थापाले जिल्लाका नेता, कार्यकर्तालाई स्वागतमा सहभागी हुन आह्वान गरेका थिए ।

हेटौंडाका धार्मिकस्थलको भ्रमण र राप्रपा सम्बद्ध व्यक्तिहरुसँगको भेटघाट सकेर शाह आइतबार साँझ सिमरा फर्किएका थिए । शाह फर्किएपछि स्वागत समितिको पत्रकार सम्मेलनमा पनि राप्रपा र राप्रपा नेपालका नेताहरु एउटै मञ्चमा देखिएका थिए ।

राप्रपाबाट सिंह, पार्टी बागमती प्रदेश संसदीय दलका नेता तथा पूर्वमन्त्री उद्धव थापा, प्रदेश सांसदहरु कुमारी मोक्तान र मोनिका श्रेष्ठ, राप्रपा नेपालबाट जिल्ला अध्यक्ष गुरु सापकोटा र कमल थापाका भतिजासमेत रहेका नेता



अभिषेक थापा थिए । पत्रकार सम्मेलनमै राप्रपा नेता तथा सांसद सिंहले दुई पार्टीबीचको समन्वय रहेको र राजसंस्था पुन:स्थापनामा कार्यगत एकता हुनसक्ने समेत बताए । राप्रपा नेपाल अध्यक्ष सापकोटाले राप्रपासँग चुनावपछि पहिलोपटक एउटै ठाउँमा देखिएको बताए । 'हामी चुनावपछि पहिलोपटक एउटै कार्यक्रममा सहभागी भएका हौं । राप्रपासँग पनि सम्बन्ध राम्रै छ ।', उनले भने । उनले राप्रपा र राप्रपा नेपालबीच कार्यगत एकता तत्काल सम्भव नभए पनि राजसंस्था पुन:स्थापनाको आन्दोलनमा एउटै मोर्चा बनाएर जाने विषयमा सहमति भएको बताए ।

**कमल थापा र दीपक सिंहको सम्बन्ध उस्तै**

चुनावपछि मकवानपुरमा दुई राप्रपा एकै ठाउँमा देखिए पनि कमल थापा र दीपक सिंहको सम्बन्धमा भने सुधार आएको छैन ।

थापा र सिंहबीच फोन संवाद नभएको एकवर्ष कटेको छ । भेटघाटको क्रममा उनीहरुबीच हार्दिकता साटासाट मात्रै हुने गरेको पाइएको छ । निर्वाचनपछि थापा र सिंहको फोन संवाद हुन नसकेको राप्रपा मकवानपुरका सहकोषाध्यक्ष सापकोटाले बताए । 'उहाँहरुको फोन संवाद नभएको मैले बुझेको छु । तर, कहिलेकाहीँ भेटेको बेला सामान्य हाइहलो चाहिँ गर्नुहुन्छ ।', सापकोटाले भने ।

मकवानपुरमा कमल थापा र दीपक सिंहलाई ४ मंसिर २०७९ को निर्वाचन अघिसम्म एउटै रथका दुई पाङ्ग्राको रुपमा चर्चा गरिन्थ्यो । त्यो चर्चा राप्रपाभित्र मात्रै सीमित थिएन । नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्रलगायतका दलभित्र पनि उनीहरुलाई हेर्ने नजर 'भाइ-भाइ'को रुपमा थियो । विगतका निर्वाचनमा यी दुई भाइको सक्रियतालाई लिएर गणतन्त्रवादी दलभित्र पनि छटपटाहट हुन्थ्यो ।

तर, मंसिर २०७९ को निर्वाचन गणतन्त्रवादी दललाई मात्र हैन, यी दुई भाइ आफैंलाई टाउको दुखाई बन्न पुगेका थिए । राप्रपाको अध्यक्षमा राजेन्द्र लिङ्देनसँग पराजित भएपछि पुरानै राप्रपा नेपाल ब्युँताएर थापा एमालेको समर्थनमा मकवानपुर-१ बाट निर्वाचन लड्न गृहजिल्ला आए ।

कहिल्यै थापाको साथ नछोडेका सिंह भने पार्टी विभाजनको संघारमा पनि चुपचाप थिए । हत्तपत्त सार्वजनिक कार्यक्रममा ननिस्कने सिंह चुनावको मुखमा खोजी तीव्र गरिए पनि सार्वजनिक नै भएका थिएनन् ।

मकवानपुरमा सिंह कसको पक्षमा खुल्छन् भन्ने कौतुहलता व्यापक भइरहँदा उनी एकैपटक निर्वाचन अधिकृतको कार्यालयमा राप्रपाको टिकट बोकेर उम्मेदवारी दर्ता गर्न आइपुगे । थापाले सिंहलाई रोक्न नखोजेका पनि हैनन् । सिंहले आफ्नो फोन नउठाएको उनै थापाले साझाकुरासँग बताएका थिए । 'दीपक सिंहसँग तपाईको कुरा भएको छ ? भन्ने प्रश्नमा उनले साझाकुरालाई भनेका थिए, 'फोन गरिरहेको छु । उसले उठाएको छैन ।' निर्वाचनमा थापा र सिंह होमिए । नतिजा सिंहको पोल्टामा पऱ्यो ।

मकवानपुरबाटै पाचौं पटकको प्रयासमा पहिलोपटक निर्वाचन जितेका सिंहले नेपाली कांग्रेस सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीनालाई देस्रो र थापालाई तेस्रो बनाएका थिए । जिल्लामा राप्रपालाई २८ वर्ष अर्थात् २०५१ सालपछि जित दिलाउने दीपकबहादुर सिंह बने । उनले दुई संसदीय निर्वाचन र दुई मेयर निर्वाचन लडेर पराजित भएपछि पाचौँपटकको प्रयासमा जित निकालेका थिए ।

थापासँगको सम्बन्ध चिसिएपछि सिंहलाई जिताउन राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन बकैया र हेटौंडाको चुनावी सभामा गरेर जिल्लामा दुईपटक आएका थिए । चुनाव जितेपछि सिंह लिङ्देनको विश्वास पात्रको रुपमा देखिए । आफू उर्जामन्त्री हुँदा सिंहलाई उर्जाराज्यमन्त्री बनाए । प्रतिनिधिसभाको पूर्वाधार विकास समिति सभापतिमा पार्टीबाट उनै सिंहलाई पठाए ।

थापा र लिङ्देनको समेत १ वर्ष बढी समयदेखि फोन संवाद हुन नसकेको बुझिएको छ । चुनावी नतिजापछि थापा र सिंहको सम्बन्धमा सुधार नआएको राप्रपा नेपाल मकवानपुरका अध्यक्ष गुरु सापकोटाले पुष्टि गरे । 'चुनावपछि उहाँहरुको सम्बन्ध बाक्लो भएन ।', सापकोटाले भने ।

सामान्य बोलचाल भए पनि विगतको जस्तो सहयात्रीको सम्बन्धमा सुधार नआएको उनको भनाई छ । थापा र सिंह विद्यालय तहदेखिकै सहपाठी पनि हुन् ।

## बृहत शैक्षिक प्रदर्शनी तथा सांस्कृतिक कार्यक्रम हुने

साझाकुरा संवाददाता

हेटौंडा, ९ माघ/ सामुदायिक तथा संस्थागत विद्यालय बीच प्रतिस्पर्धा, शैक्षिक अध्ययन तथा गुणस्तर सुधार एवम् विद्यार्थीको सिर्जनशील प्रतिभाको उजागर गर्ने उद्देश्यले माघ १२ गते हेटौंडामा बृहत शैक्षिक प्रदर्शनी तथा साँस्कृतिक कार्यक्रम हुने भएको छ ।

हेटौंडा उपमहानगर पालिका- ४ को आयोजनामा वडाका संस्थागत तथा सामुदायिक गरी ८ वटा विद्यालयको सहभागितामा कार्यक्रम आयोजना गर्न लागिएको हो । मंगलबार पत्रकार सम्मेलन गरी कार्यक्रमबारे जानकारी गराएको हो । कार्यक्रममा प्रत्येक विद्यालयबाट बढीमा १० जनाको समूहले तयार पारेको विज्ञान, गणित र सामाजिक विषयसँग सम्बन्धित सामग्रीको प्रदर्शनी राखिने, मौलिक नेपाली गीत तथा विभिन्न जातजाति नाच र भेषभूषा झल्काउने गरी प्रतियोगितात्मक सामूहिक नृत्य र एकलगायन प्रस्तुति रहने र वडाभरका सबै विद्यालयका कक्षा ६ देखि माथिका विद्यार्थी तथा अभिभावकलाई विद्यालयले गरेका प्रदर्शनी देखाउने जस्ता कार्यक्रम समावेश गरिने शैक्षिक गुण्स्तर सुधार समिति हेटौंडा-४ का अध्यक्ष



श्रीराम दाहालले बताए ।

शैक्षिक प्रदर्शनी तथा साँस्कृतिक कार्यक्रमको उद्देश्य प्रस्ट्याउदै हेटौंडा-४ का अध्यक्ष नवीन सिग्देलले आफूहरु शैक्षिक गुणस्तर सुधार अभियानमा लागिपरेको दावी गरेका छन् । संस्थागत र सामुदायिक विद्यालयबीच समन्वय र प्रतिस्पर्धा दुवै हुनुपर्नेमा उनले जोड दिए । ५ लाख रुपैयाँ खर्च हुने जनाइएको शैक्षिक प्रदर्शनीलाई करिब १० हजार जना विद्यार्थी, शिक्षक तथा अभिभावकले अवलोकन गर्ने अनुमान गरिएको छ ।

हेटौंडा उपमहानगर पालिकाको मुख्य बजार क्षेत्र रहेको वडा नं. ४ मा मात्रै ३ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालय रहेको छ जसमा झण्डै १६ हजार विद्यार्थी छन् । पत्रकार सम्मेलनमा हेटौंडा-४ का वडाअध्यक्ष सिग्देल, शैक्षिक गुणस्तर सुधार समितिका अध्यक्ष दाहाल, राष्ट्रिय परीक्षा बोर्डका प्रमुख कृष्णप्रसाद घिमिरे, हेटौंडा-४ का वडासदस्य जनरल श्रेष्ठ, वडासचीव पुष्पराज पौडेल, प्याब्सन मकवानपुरका अध्यक्ष एवम् बालजागृति बोर्डिङ स्कुलका प्रिन्सिपल विनोद सुवेदी, श्रमिक मावि व्यवस्थापन समिति अध्यक्ष विवेक कार्की, भुटनदेवी माविका प्रधानाध्यापक माधव दाहाल लगायतको उपस्थिति रहेको थियो ।

## धादिङ महोत्सव आजबाट सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ९ माघ/नवौं धादिङ महोत्सवको तयारी अन्तिम चरणमा पुगेको मेला आयोजक धादिङ उद्योग वाणिज्य संघले जानकारी दिएको छ ।

धादिङ गजुरी गाउँपालिका-५ को गलौंदीस्थित त्रिशुली किनारमा माघ १० अर्थात आजदेखि सुरुहुने मेला २१ गतेसम्म सञ्चालन हुनेछ । महोत्सवको उद्घाटन बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले गर्नेछन् । 'धादिङको दिगो विकास र अर्थतन्त्रको आधार, कृषि, पर्यटन जलश्रोत तथा उद्योगको पूर्वाधार' भन्ने नारा सहित हुने महोत्ससमा गजुरी बजारबाट बाजागाजासहित जातीय पहिचान भेषभूषा झल्कने ऱ्याली निकालिने तयारी छ ।

स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने उद्देश्यले आयोजना गरिएको महोत्वसमा २ सय ४० वटा स्टल छन् । घाटबेसी-गलौंदीसम्म र गलौंदीस्थित त्रिशुलीमा दुई प्याकेज बनाएर ऱ्याफ्टीङ हुनेछ भने स्थानी उत्पादनलाई महत्व दिँदै कृषि पदर्शनी र घरेलु सामग्री प्रदर्शनीमा उत्कृष्टलाई पुरस्कारको दिइने धादिङ उद्योग वाणिज्य संघले बताएको छ ।







साझाकुरा

## हाम्रो कुरा

# खानीको ओभरवटन खोलामा

माइनिङसँग जोडिएका औद्योगिक प्रतिष्ठानले उत्खनन् पछि उद्योगले प्रयोग नगर्ने डिस्पोजेवल मटेरियल अलपत्र छोड्ने समस्या हेटौंडामा मात्र होइन । यो देशब्यापी समस्या हो । शिवम् सिमेन्ट उद्योगले खानी क्षेत्रको ओभरवटन (चुनढुंगा उत्खनन् गर्दा निस्किएको काम नलाग्ने बस्तु) सीधै खोलामा फालेपछि आधा दर्जन गाउँ जोखिममा परेको छ । हेटौंडा उपमहानगर पालिका-१७, हटियास्थित उद्योगको मकवानपुरगढी गाउँपालिका-७ र ८ नम्बर वडामा चुनढुंगा खानी छ । शिवम्ले ७ नम्बर वडाको खोटार खानीको ओभरवटन सीधै बुढीचौर खोलामा खसालेको स्थानीयले बताएका छन् । शिवम्ले चुनढुंगा उत्खनन् गर्दा निस्किएका ओभरवटन आफैंले व्यवस्थापन गर्नुपर्नेमा सीधै खोलामा खसालेपछि वर्षातको समयमा बाढी आउँदा सबै सामरी र राप्ती खोलामा नदीको सतह बढ्ने हो छ ।

मकवानपुरगढी गाउँपालिकाले शिवम्लाई खोलामा खसालिएको ओभरवटन व्यवस्थापन गर्न निर्देशन दिएपनि उद्योगले पालिकाको आदेश अटेर गरेको पाइएको छ । ठाडो बुढीचौर खोलामा खसेको ओभरवटन बगेर आउँदा मकवानपुरगढी गाउँपालिकाको ७, २, ३, ५ र ६ नम्बर वडाको ३०० बढी घरधुरी र सयौं हेक्टर सिचाईंक्षेत्र जोखिममा पर्नेछ । मकवानपुरगढी ७ नम्बर वडाको पाङटोल, गीताधर्म, आम्बोटे, भण्डारे, किटिनी, न्यौपानेटार, भुँडेदमार, सातकन्या, कोलदमार, मच्छेडाँडा, वतासेडाँडा, हुलाकदमार, नर सिंडाँडा, जिमरगेबडाडा, थासाटोललगायत गाउँ खानी प्रभावित क्षेत्र हुन् । खानीको कारण मकवानपुरगढीको वडा नम्बर २, ३, ४, ५, ६ को सामरी तटका स्थानीय प्रभावित छन् भने वडा नम्बर ८ र ७ का पनि प्रभावित छन् । वडा नम्बर ७ र ८ का स्थानीयहरु बाह्रै महिना धुलोमैलो, ध्वनीप्रदुषण पनि झेल्दै आएका छन् । खोलामा सीधै ओभरवटन खसालेर सिंगो गाउँ नै खोजिममा पार्ने शिवम्लाई गाउँपालिकालगायत सम्बन्धित निकायले तत्काल कारबाहीको दायरामा ल्याउनुपर्ने माग स्थानीयको छ । नेपाल सरकारको बिधि र प्रक्रिया पूरा गरी उद्योग संचालन गर्न पाउने अधिकार सबै लगानीकर्ताको छ तर, उद्योग संचालन गर्दा अपनाउनु पर्ने न्यूनतम मापदण्ड पनि पूरा नभएको अवस्थामा स्थानीयले बिरोध गर्नु स्वाभाबिक हो । वर्षायासमा अव्यवस्थित ओभरवटन बगेर आउँदा खोलाको सतह बढेर खेतियोग्य जग्गा र बस्ती कटानसँगै सिचाईंमा समस्या भएको र शुद्ध खानेपानी समेत पाइन छाडेको स्थानीय बताउँछन् । खानेपानी विस्तारको पाइप लाइन क्षति हुनुका साथै तटीय क्षेत्रका गाउँबस्तीका घर, विद्यालय, पाटीपौवा, मठमन्दिर, स्वास्थ्यचौकी, पानीघट्टहरु बाढी र पहिरोको जोखिममा रहेको छ । बुढीचौरखोला ७ नम्बर वडाको सुकौरा खोलामा आएर मिसिन्छ ।

बुढीचौर र सुकौरा खोलाको दोभानमा करिब ५० घरधुरीको सुकौरा बस्ती र खोला नजिकैको जनता मावि नै पहिलो खोजिममा परेको स्थानीय बताउँछन् । बुढीचौर र सुकौला खोला मिसिएर बन्ने सामरी खोलाको नजिकै ३०० घरधुरी रहेका छन् । शिवम्को खानी क्षेत्रको ओभरवटनले ७ नम्बर वडाको सुकौरासहित २ नम्बर वडाको कुर्ले बासपानी, ३ नम्बर वडाको सिचाईं क्षेत्र धमिले फाँट, ६ नम्बर वडाको १०० घरधुरी रहेको ठूलो बस्ती डुम्रेकुना, २०० बढी घरधुरी रहेको ५ नम्बर वडाको भालुखोला, धादिङ र सिमलटार बस्ती जोखिममा परेको स्थानीयले जानकारी दिए । धादिङ, भालुखोलाको सयौं हेक्टर सिचाईं क्षेत्र पनि जोखिममा परेको छ । सामरी खोलामा बाढी आउँदा त्यसको प्रभाव राप्ती खोलामा पनि पर्ने गरेको छ । हेटौंडा-१, ३, ११, १२, १९ का तल्लो तटीय क्षेत्रमा पनि धेरथोर असर पुग्ने स्थानीयले बताएका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८० माघ ११ गते बिहीबार २५ जनवरी २०२४ । पूर्णिमा, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४४ ने.सं. । सूर्योदय ६:५६, सूर्यास्त ५:३७ । माघस्नान आरम्भ । श्री स्वस्थानी व्रत आरम्भ । चाँगुनारायण हैगु । पुर्णिमा व्रत ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सहयोग गर्ने भावना आउनेछ | **तुला** | : मित्रसंग विवाद हुनसक्नेछ |
| **वृष** | : रमाइलोको समय रहेको छ | **वृश्चिक** | : धन खर्च हुनेछ |
| **मिथुन** | : शरीरमा समस्या देखिन सक्नेछ | **धनु** | : भेटघाटमा समय बित्नेछ |
| **कर्कट** | : सामाजिक प्रतिष्ठा बढ्नेछ | **मकर** | : सम्पत्तिको खचपच हुनेछ |
| **सिंह** | : सानातिना अवरोध आइरहनेछ | **कुम्भ** | : सुखभोगको समय रहेकोछ |
| **कन्या** | : यात्राको लागि सुखद देखिन्छ | **मीन** | : आर्थिक लाभ मिल्नेछ |

# त्रिविमा राजनीतिक भागबन्डाको सट्टा बन्डा विनाको भाग ?



डा. लोक भट्टराई

केही दिनअघि मलाई एक टेलिभिजनको कार्यक्रममा अन्तर्वार्ताका लागि बोलाइएको थियो । त्यो अन्तर्वार्ता हाल नेपालमा चर्चित त्रिभुवन विश्वविद्यालयको उपकुलपति खुल्ला प्रतिस्पर्धाबाट नियुक्ति गर्ने भन्ने विषय र त्यसको प्रक्रियाको कुरामा केन्द्रित थियो । अन्तर्वार्ताको क्रममा मलाई 'यसरी यसपटक उपकुलपति खुल्ला प्रतिस्पर्धाबाट नियुक्त गर्नुपर्छ भन्ने आइडिया कहाँबाट आयो होला?' भनेर सोधिएको थियो ।

स्वाभाविक रूपले म सरकार, शिक्षा मन्त्रालय वा त्रिभुवन विश्वविद्यालयसँग सम्बन्धित व्यक्ति नभएकाले यो आइडिया यसरी नै आयो भनेर भन्ने स्थिति मेरो थिएन, र मैले जवाफमा त्यही कुरा भनें ।

तर त्यो अन्तर्वार्तापछि मलाई पनि राजनीतिक भागबन्डाको बढ्दो चढ्दो माहौलमा खुला प्रतिस्पर्धाको आइडिया कहाँबाट आयो होला, वा प्रधानमन्त्रीले किन त्यस्तो सोचे होलान् वा सरकारले किन त्यस्तो निर्णय गर्यो होला भन्ने कुरा मनमा निकै दिनसम्म चलिरह्यो । र, सुरुमा त मलाई यस प्रयासको असल नियतका बारे शंका गर्ने ढंगले सोच्नसम्म पनि मन लागेन र मैले कतिपय ठाउँमा यो प्रयासको खुलेर प्रशंसा पनि गरें । तर गत १-२ हप्ताको सबै गतिविधिलाई केलाएर हेरेपछि मलाई यस्तो लाग्न थालेको छ कि यो फगत प्रधानमन्त्रीको एउटा 'स्मार्ट मुभ' मात्र थियो ।

सबै राजनीतिक नियुक्तिहरू भागबन्डामा हुने गरेको भनेर चौतर्फी आलोचना भइरहेको बेलामा प्रधानमन्त्रीको तेस्रो नेत्र खुलेको हुनसक्छ । 'खुल्ला प्रतिस्पर्धात्मक नियुक्ति' भनिदिएपछि पार्टीहरू बीच छलफल वा पदहरूको बाँडफाँट गर्नै परेन, र त्यो बाँडफाँटको कुरो त्यसै सकिइहाल्यो । त्यसो भएपछि देखावटी तरिका पुर्याएर आफूले चाहेको मान्छेलाई नियुक्ति दिलाउन पाइयो भने विश्वविद्यालय आफ्नो नियन्त्रणमा रहने सपना प्रधानमन्त्रीले देखेको हो कि भनेर अनुमान गर्ने ठाउँ छ ।

हैन भने गठबन्धन सरकारमा यो भागबन्डा मिलाउन अर्को महाभारत पर्ने वाला थियो र गठबन्धनमा सानो दल भएकाले त्रिभुवन विश्वविद्यालयको उपकुलपति प्रधानमन्त्रीको दलले पाउने सम्भावना पनि निकै कम थियो । त्यसैले एक हिसाबले यो नियुक्ति भागबन्डालाई छलेर बन्डा विनाको भाग सोहोर्ने प्रधानमन्त्रीको जुक्ति हैन भनेर भन्न सकिने स्थिति छैन ।

मेरो सुरुको विश्वास दुई हप्तापछि नै कसरी डगमगायो र मैले किन यस पछाडिको नियतमा खोट देखें भन्ने कुरामा केही चर्चा गर्न आवश्यक छ । म आफू पनि उच्च शिक्षा क्षेत्रको व्यक्ति भएतापनि उक्त प्रतिस्पर्धामा मेरो कुनै 'स्टेक' थिएन र मैले नजिकबाट चिनेजानेका कोही पनि त्यो प्रतिस्पर्धामा रहेको मलाई थाहा छैन ।

त्यसो भएकाले मेरो स्वतन्त्र दृष्टिकोण र मेरो अनुभव उपकुलपति नियुक्तिको लागि सिफारिस गर्ने सिफारिस समितिलाई काम लाग्नेछ र त्यस्तो अनुभव सेयर गर्नु एक जिम्मेवार नागरिकको हैसियतले मेरो कर्तव्य पनि हो भन्ने ठानी मैले हिजो समय मागेर सिफारिस समितिका अध्यक्ष र संघीय सरकारका शिक्षा मन्त्रीलाई सिंहदरबारमा भेटेर आफूलाई लागेको सबै कुरा बताएँ ।

इच्छुक उम्मेदवारले आवेदन गर्ने अन्तिम दिन मात्र मैले त्यसरी शिक्षा मन्त्रीलाई भेट्न सकें । हुनत मैले यस विषयमा मेरो विचार छापा वा टेलिभिजनमा समेत व्यक्त गर्दै आएको हो, तैपनि सरोकारवाला अधिकारीले त्यो कुरा सुने कि सुनेनन् भन्ने कुरा मनमा खट्किरह्यो, तसर्थ मैले सिफारिस समितिको अध्यक्षलाई नै भेटेर आफूलाई लागेको कुरा बताउने निर्णय गरेको हो । भेटमा शिक्षा मन्त्रीले पनि सुन्न त मेरो कुरा सुन्नुभयो ।

अनि 'ए, विचार गर्नुपर्ने कुरा धेरै रहेछ, म पनि अलि बढी यसमा विचार गर्छु र यो कुरा प्रधानमन्त्री समक्ष राख्छु' सम्म भन्नुभयो । तर त्यसो गर्नुहोला, नगर्नुहोला म यसै भन्न सक्दिनँ । सायद गर्नुहोला जस्तो मलाई खासै लाग्दैन ।साथै कुराकानीका क्रममा मन्त्रीले २-३ वटा कुरा गर्नुभयो । मैले दिएको सुझाव अनुसार त कार्यविधि फेरि पनि संशोधन गर्नुपर्ने थियो ।

र प्रधानमन्त्रीले चाहने हो भने वा शिक्षा मन्त्रीले प्रधानमन्त्रीलाई कन्भिन्स गर्ने हो भने कार्यविधि परिवर्तन एक दिनमै हुने कुरा थियो, सम्भव थियो । तर मैले भन्दैमा त्यो सब गर्न शिक्षा मन्त्री तयार भए जस्तो मैले देखिनँ ।

दोस्रो कुरा, शिक्षा मन्त्रीले त्रिभुवन विश्वविद्यालय ऐन खुकुलो वा बढी खुल्ला भएको भन्दै त्यसैलाई अड्चन हो जस्तो गरी कुरा गर्नुभयो । जुन वास्तविकताको ठिक विपरीत कुरा हो । ऐन खुल्ला वा खुकुलो हुँदा त सिफारिस समितिलाई तजबिजी अधिकार बढ्ने हो, जसरी चाहृयो त्यसरी प्रक्रिया अघि लैजान पाउने स्थिति हो । अनि तेस्रो कुरा शिक्षा मन्त्रीले के भन्नुभयो भने आफू स्वयं पनि प्राज्ञिक क्षेत्रबाट नआएको हुनाले खास विषयमा प्राज्ञिक सदस्यको कुरामा भर पर्नुपर्ने स्थिति रहेको भनेर स्वीकार गर्नुभयो ।

स्मरणीय छ कि हाल सिफारिस समितिमा मन्त्री स्वयम्, शिक्षा सचिव र एक जना प्राज्ञिक क्षेत्रको व्यक्ति रहेको स्थिति छ । शिक्षा मन्त्रीले भनेको कुरालाई विचार गर्ने हो भने त्यही तेस्रो व्यक्ति जो प्राज्ञिक क्षेत्रबाट आउनुभएको हो उहाँकै राय अनुसार सिफारिस समिति चलिरहेको वा चल्ने देखिन्छ । अर्को शब्दमा भन्ने हो भने यो सारा प्रक्रियाको एक्लो सारथि सिफारिस समितिको तेस्रो अर्थात् प्राज्ञिक सदस्य नै हुने वा भइरहेको देखिन्छ । निजले जो-जसलाई ल्याउन चाहेको हो, वा निजलाई जो-जसलाई ल्याउनका लागि भनिएको छ सोही अमूक व्यक्तिलाई सुहाउने गरी निजले कार्यविधिमा अंकभार योजना गरे जस्तो बुझिन्छ ।

र स्मरणीय छ, ती समितिको तेस्रो सदस्य प्रधानमन्त्रीको मनले खाएको व्यक्ति नभई यस कामका लागि प्रधानमन्त्रीको छनोटमा पर्न असम्भव थियो । यो सारा मञ्चन कुनै निश्चित व्यक्तिका प्रति लक्षित 'प्रोग्राम' थिएन भने प्राज्ञिक क्षेत्रको निज व्यक्तिलाई अन्तर्राष्ट्रिय अभ्यास, त्रिभुवन विश्वविद्यालयको अगाडि उपस्थित चुनौती, त्रिभुवन विश्वविद्यालयको भिजन, लगायत कुरालाई विचार गरेर छनोटको कार्यविधि र अंक भार छुट्याउन आवश्यक छ भन्ने अवश्य थाहा हुनुपर्थ्यो । तर कार्यविधि त्यो व्यापकता भन्दा धेरै टाढा फगत एउटा पुरातनवादी नियमको खेस्रो जस्तो देखिएको छ, जसमा आलोचना गर्न मिल्ने एक सय एक ठाउँ छन् ।

मन्त्रीसँगको कुराकानीमा मन्त्रीले भनेको अर्को कुरा पनि यहाँ उल्लेख्य छ । मैले कार्यविधिमा धेरै त्रुटि वा कमि-कमजोरी रहेको कुरा गरेपछि उहाँले 'प्रधानमन्त्रीले पनि अन्तर्राष्ट्रिय अनुभव भएको एउटा काबिल व्यक्ति आओस् भन्ने चाहनुभएको छ' भनेर भन्नुभयो । तर मेरो विचारमा त्यो ढाकछोप गर्ने कुरा जस्तो मात्र भयो । कुरा चाहिं प्रधानमन्त्रीको त्यस्तो महान विचार रहेको गर्ने, अनि काम चाहिं आफ्नै हिसाबले गर्ने, त्यो चाहिं मिल्ने कुरा हुँदैन । जसलाई व्यक्त गर्ने अंग्रेजीमा एउटा टर्म छ 'विशफुल थिङ्किङ'- अर्थात् इच्छा गर्ने जुन कुरा हुनेवाला चाहिं छैन ।

अब किन मैले यो प्रतिस्पर्धा देखावटी जस्तो मात्र देख्न थालेको छु भन्ने बारे थप केही चर्चा गर्नु सान्दर्भिक हुनेछ । न्यूनतम योग्यतामा 'प्राध्यापक पदमा नियुक्त भै काम गरेको' भन्ने दफाको बारे मैले यसअघि अर्को कुनै लेखमा आलोचनात्मक चर्चा गरिसकेको छु ।

हुन पनि हुलहुज्जतका भरमा त्रिविमा घन्टे शिक्षकको रूपमा भर्ना हुने, अनि माग वा दबाबका भरमा करार, अस्थायी, स्थायी हुँदै प्राध्यापक हुनेहरू त्रिविमा कम छैनन्, जसले खासमा कहिल्यै योग्यता परीक्षा उत्तीर्ण गरेकै छैन । यस्तो स्थितिमा जसोतसो प्राध्यापक पदमा नियुक्ति लिएर हाजिरी ठोक्दै रहने र काठमाडौंको चारभञ्ज्याङभित्रको 'पार्टिसन राजनीति' मा मात्र खास योगदान गरेका ए, बी, सी जो-सुकै उप-कुलपति भए पनि त्रिवि सुधारको कुनै गुन्जायस रहने छैन भन्ने चाहिं मेरो ठोकुवा ठहर हो ।

त्रिविको आजको समस्या भनेको अन्तर्राष्ट्रिय सन्दर्भ सापेक्ष कोर्स र करिकुलम नहुनु, टिचिङ/लर्निङ अत्यन्त पुरातन परिपाटीमा चल्नु, अन्तर्राष्ट्रिय विश्वसनीयता/रेटिङ घट्दै जानु, रिसर्च प्रोफाइल एकदम तल रहनु, विकास, रोजगारदाता र व्यवसायको आवश्यकता त्रिविको शैक्षिक प्रोग्रामले सम्बोधन गर्न नसक्नु लगायत केही दर्जन समस्या वा कमजोरीको सूची नै बनाउन सकिन्छ । त्यसमध्ये पनि 'अन्तर्राष्ट्रिय दृष्टि' र 'अनुसन्धानमा उन्नयन' चाहिं त्रिविको लागि जीवनमरणकै मुद्दा बनेको छ ।

यी दुई कुरामा सुधार नभई नेपालमा विद्यार्थी अड्याउन सकिने स्थिति पनि छैन, र त्रिविको अन्तर्राष्ट्रिय र्याङ्किङ बढ्नेवाला पनि छैन । तर दु:खको कुरा यी कुरालाई अहिले संशोधन गरेर ल्याइएको उपकुलपति नियुक्तिको नयाँ कार्यविधिले समेत पूर्ण रूपले बेवास्ता गरेको छ । उम्मेदवारको अन्तर्राष्ट्रिय अनुसन्धान जर्नलमा छापिएको रिसर्च आर्टिकललाई समेत कुनै अंकभार छुट्याइएको छैन । कमसेकम पनि केही न केही अनुसन्धान र अनुसन्धानजन्य सामग्री प्रकाशन नै नभएको उपकुलपतिले त्रिविको अनुसन्धानको प्रतिष्ठा माथि उचाल्छ भनेर कसरी आशा गर्ने ?

अब अलिकति त्रिविलाई अत्यावश्यक रहेको अन्तर्राष्ट्रिय दृष्टि वा सहकार्यको कुरा गरौं । यो कुरालाई त 'त्रिवि भिजन २०३०' ले पनि राम्रैसँग महत्व दिएको छ । 'त्रिवि भिजन २०३०' ले विश्वविद्यालयको अन्तर्राष्ट्रिय तहमा अनुसन्धान र प्रकाशन बढाउने, विश्वविद्यालयको अन्तर्राष्ट्रिय र्याङ्किङ सुधार गर्ने, विदेशी विद्यार्थीलाई त्रिवितिर आकर्षित गर्ने, अन्तर्राष्ट्रिय सम्भावना भएका कोर्सहरू विकास गर्ने, संसारका विभिन्न देशमा त्रिविको सम्बन्धन लिने शैक्षिक संस्थाहरू बढाउने लगायत सपनालाई आत्मसात् गरेको छ । तर कागजमा त्यस्ता सपना कोरेर ती कुरा प्राप्त हुने हैनन् ।

त्यसका लागि भिजन अनुकूल कार्यक्रम हुनुपर्यो, नेतृत्व छान्नुपर्यो । तर दु:खको कुरा उपकुलपति नियुक्तिको कार्यविधि त्रिविको भिजनले लिएको कार्यदिशाप्रति बेखबर छ । उपकुलपति छान्ने क्रममा राम्रा, विश्वका स्तरीय विश्वविद्यालयमा पढे, पढाएको योग्यतालाई उच्च अंक दिन सकिन्थ्यो, दिइएको छैन । अन्तर्राष्ट्रिय जर्नलमा सम्पादक लगायतको भूमिकामा काम गरेको अनुभवलाई राम्रो अंक दिन सकिन्थ्यो, दिइएको छैन ।

विभिन्न विदेशी रिसर्च कम्पनी वा विश्वविद्यालयमा भिजिटिङ रिसर्चर वा भिजिटिङ प्रोफेसरका रूपमा काम गरेको अनुभवलाई उच्च अंक दिन सकिन्थ्यो, तर दिइएको छैन । अरु नभए पनि सोल अथरसिपमा लेखिएको जर्नल आर्टिकललाई आकर्षक अंकभार हुनुपर्थ्यो, त्यो व्यवस्था कार्यविधिले गरेको छैन ।

शिक्षा वा शैक्षिक कार्यक्रमलाई सामाजिक प्रभाव पार्ने कामसँग जोड्ने कुरा महत्वपूर्ण कुरा हो र त्यस्तो कार्यलाई उचित अंक दिइनुपर्थ्यो त्यो पनि दिइएको छैन । यसरी तमाम अभाव वा ग्यापले भरिएको यो कार्यविधिले कस्तो उपकुलपति जन्माउला त्यो हेर्न चाहिं केही समय कुर्नुपर्ने नै छ ।

र अन्तत: अरु चाहिं जे भए पनि हुँदै गर्ला, तर यो उपकुलपति नियुक्तिको लागि बनेको सिफारिस समितिले सबै उम्मेदवारले पेश गरेको भिजन पेपर र कार्ययोजना, सबै उम्मेदवारको प्रस्तुति र अन्तर्वार्ता तथा ती प्रत्येक बुँदाका लागि प्रत्येक उम्मेदवारलाई दिइएको अंक चाहिं सबै सर्वसाधारणले हेर्न देख्न पाउने गरी प्रकाशित गर्ने व्यवस्था गरोस् । कमसेकम त्यत्ति मात्र भयो भने पनि, यसले त्रिविमा मेरिटोक्रेसी र पारदर्शिता स्थापित गर्ने दिशामा एउटा कोसेढुङ्गाको काम पक्कै गर्नेछ ।

*(साभार: अनलाइनखबर)*

# सामान्यतया रुघाखोकी आफैं निको हुन्छ, अनावश्यक औषधिको प्रयोग नगरौं

डा. अनुप सुवेदी

रुघाखोकी जाडो मौसममा बढी हुने गर्छ । जाडो मौसममा नै किन रुघाखोकी धेरै हुन्छ भन्दा यो भाइरसबाट हुने रोग हो । भाइरसबाट हुने रोगहरु त्यो भाइरसलाई कुन तापक्रम मन पर्छ त्यस अनुसार निश्चित मौसममा तिनीहरुको फैलावट हुन्छ ।

अहिले रुघाखोकी भइरहेको भाइरस श्वासप्रश्वास सम्बन्धी भाइरसहरु हुन् । यसमा २० देखि ४०/५० थरी भाइरसहरु होलान् । जुन अहिले फैलिरहेका हुन्छन् । जसको हामी लेखाजोखा पनि गर्दैनौं । जस्तो राइनो भाइरस, एडिनो भाइरस, विभिन्न थरी कोरोना भाइरसहरु । त्यसमध्ये हामी अहिले डराइरहेको सार्स कोरोना भाइरस-२ र अरु पुराना कोरोना भाइरसहरु तथा श्वास प्रश्वासको इन्फ्लुइन्जा भाइरस भने अलि कडा हुन्छ । आरएसभी भन्ने अर्को भाइरस छ । यस्ता विभिन्न भाइरसहरु फैलिरहेका छन् । यीमध्ये धेरैजसो भाइरसहरु जाडो महिनामा फैलने गर्छन् । यसकारण यी भाइरसहरुले जाडोमा धेरै रुघाखोकी लगाउँछ ।

कोरोना भाइरस भने जाडो, गर्मी जुनसुकै समयमा पनि हुनसक्छ । तर, अरु नै कारणले रुघाखोकी लागेको मान्छेले हाच्छ्युँ गर्दा, खोक्दा अरु व्यक्तिलाई कोरोना भाइरस सर्न सक्ने र उसले अरुलाई सार्ने सम्भावना पनि बढी हुन्छ । त्यसकारण कोरोना भाइरस जाडोमै सम्बन्धित नभए पनि यो जाडोको बेला फैलन सक्छ । तर, यो जाडो मौसममा यस्ता भाइरस तथा ब्याक्टेरिया जस्ले रुघाखोकी सार्छन तिनीहरु सक्रिय हुने कारणले पनि पनि रुघाखोकी बढी फैलन्छ ।

### रुघाखोकी माथिल्लो श्वासप्रश्वास प्रणालीको समस्या

रुघाखोकी भन्नाले कसैलाई खोकी लाग्ला, कसैलाई घाँटी दुख्ला, कसैलाई नाक बन्द होला, कसैलाई टाउको दुख्ने, कसैलाई श्वासप्रश्वासमा समस्या होला, कसैको आवाजमा परिवर्तन आउला तर, यी सबैलाई हामी रुघाखोकी भन्छौं । सामान्यतया माथिल्लो श्वासप्रश्वास प्रणालीको समस्या हो । रुघाखोकीमा सङ्क्रमण बाहेक एलर्जी पनि हुन्छ । वायु प्रदूषणले हुने श्वासप्रश्वास सम्बन्धी समस्यामा पनि उस्तै लक्षण हुन्छ । धेरैजसोमा ज्वरो आउँदैन । तर, घाँटी दुख्ने, सिँगान आउने, नाक बन्द हुने, खोकी लाग्ने जस्ता लक्षण प्रदूषण तथा अरु एलर्जीको कारणले पनि हुनसक्छ । खासगरी जाडोको बेलामा पानी नपर्ने मौसममा काठमाण्डौमा वायु प्रदूषण बढी हुन्छ । वायु प्रदूषण बढी भएका कारण कति मान्छेलाई रुघाखोकीको लक्षण देखिएको हुनसक्छ ।

रुघाखोकी निको हुन लामो समय लाग्ने भन्ने कुरा चाहिँ अनुमानको आधारमा मात्र भन्नुपर्ने हुन्छ । किनकि अहिले नेपालमा कस्ता भाइरस फैलिएका छन् त्यसको आँकडा छैन । यदि यी यी थरिका भाइरसहरु फैलिरहेका छन् र यो भाइरसको अनुपात यति प्रतिशत छ भन्ने आकडा भएको भए तथ्य पत्ता लाग्थ्यो । निश्चित भाइरसहरुको रिकभरी टाइम अलि बढी हुने हुन्थ्यो र त्यस अनुसार भन्न सकिन्थ्यो ।

युरोप, अमेरिका, दक्षिण पूर्व एसिया तथा भारतको लहर हेर्दा अहिले कोरोना भाइरसको सङ्क्रमण फैलिरहेको छ । तर, हामीमा त्यस्तो सही परीक्षण गर्ने विधि नभएका कारण पनि यर्थार्थ कारण पत्ता लगाउन सकिँदैन । हामीकहाँ एन्टीजेन परीक्षणको मात्र व्यवस्था छ ।

एन्टीजेन परीक्षणमा कोरोना भाइरसको लक्षण शुरु भएको ३/४ दिनसम्म नेगेटिभ हुनसक्छ । अनि एक/दुई दिन पोजिटिभ भएर त्यसपछि फेरि नेगेटिभ भइहाल्छ । सही समयमा एन्टीजेन परीक्षण नगर्दा कोरोना भाइरस भएको मान्छेको पनि एन्टीजेन नेगेटिभ नै आउँछ । त्यस्तै, पीसीआरले अलि लामो समयसम्म पोजिटिभ देखाउँछ । तर, पीसीआर सबैतिर उपलब्ध छैन । अर्को कुरा भनेको हामीकहाँ परीक्षण नै कम हुने कारणले कोरोना भाइरस एकदमै कम पत्ता लगाइरहेका छौं ।

अस्पतालमा जसरी मान्छेहरु भर्ना भइरहेका छन्, एक्सरेमा जस्तो परिवर्तनहरु देखिन्छ त्यसको आधारमा कोरोना भाइरस हुनुपर्छ भन्ने हामीलाई शङ्का हुन्छ । अनि उपचार पनि त्यसै अनुसार गर्छौं । यदि समुदायमा कोरोना भाइरस बढी भइरहेको छ भने त्यस्तो मान्छेलाई अलि लामो समय रुघाखोकी लाग्ने, निको हुन पनि बढी समय लाग्ने हुनसक्छ ।

महामारीको लहर अलि तीव्र भएको बेलामा पनि कति मान्छेलाई ज्वरो त निको भयो । तर, कमजोरी, थकान, रिँगटा लाग्ने, घाँटी दुख्ने, हप्तौंसम्म खोकी लाग्ने भइरहेको पाइयो । कोरोना भाइरसको निको हुने समय अलि बढी हुन्छ । इन्फ्लुएन्जाको पनि निको हुने समय अलि बढी हुन्छ । अलि लामो समयसम्म रुघाखोकी लाग्छ ।

### रोग प्रतिरोधात्मक प्रणाली कमजोर हुँदा धेरै रुघाखोकी

अर्को चाहिँ रुघाखोकी नै लागिरह्यो भने वा एलर्जीबाट नै भयो भने के हुन्छ भने माथिल्लो श्वासप्रश्वास प्रणालीमा सामान्य रोगहरु लाग्दा रोग प्रतिरोधात्मक प्रणाली कमजोर हुन्छ । रोग प्रतिरोधात्मक प्रणाली कमजोर हुँदा जीवाणु अर्थात् ब्याक्टेरियाहरुले पनि मौका छोप्छन् । यी ब्याक्टेरियाहरुले झनै सङ्क्रमण थप्ने काम गर्छन् । यस्तोमा ज्वरो, रुघाखोकी लागेर शुरुको चार/पाँच दिन सुधार हुनथाल्ने हुन्छ । तर, नौ/दश दिनपछि फेरि ज्वरो आउन थाल्ने, खोकी बढ्ने, सिँगान आउने, टाउको दुख्ने हुन्छ । त्यो भनेको ब्याक्टेरियाको सङ्क्रमणले पिनास हुने, निमोनिया भएर दोस्रो हप्तातिर फेरि लक्षण शुरु हुने हुन्छ । यस्तोमा पनि लामो समयसम्म लक्षण देखिन सक्छ ।

रुघाखोकी कति समयमा निको हुने भन्ने कुरा के कारणले लाग्यो भन्ने कुरामा भर पर्छ । किनकि रुघाखोकी विभिन्न थरी भाइरस, एलर्जी वा ब्याक्टेरियाको सङ्क्रमणको कारणले पनि हुनसक्छ । कसैको रोगसँग लड्ने क्षमता बलियो छ भने दुई/तीन दिनमा पनि निको हुनसक्छ । कसैलाई सात/आठ दिनदेखि १०/१२ दिनसम्म पनि लाग्न सक्छ । त्यो भनेको १०/१२ दिन ज्वरो आउने होइन एक/दुई दिन मात्र आउला, खोकी पनि बिस्तारै कम होला तर पुरै निको हुन भने दुई/तीन हप्तासम्म पनि लाग्न सक्छ । कसैलाई ब्याक्टेरियाको सङ्क्रमण भयो भने अझ एक/दुई हप्ता थप पनि हुनसक्छ।

*(साभार: उज्यालो अनलाइन)*

# नेपाल टेलिकमको बिलिङ प्रणाली मर्मत ठेक्कामा अख्तियारको अनुसन्धान

काठमाडौं/अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाल टेलिकमको बिलिङ प्रणाली मर्मतसम्भारका नाममा भएको तीन अर्ब रुपैयाँभन्दा बढीको ठेक्का सम्झौतामाथि अनुसन्धान प्रक्रिया अघि बढाएको छ ।

नेपाल टेलिकमबाट प्रतिस्पर्धाविना करिव ३ अर्ब १५ करोड रुपैयाँको ठेक्का सम्झौतामा कैफियत देखिएपछि अख्तियारले विस्तृत अनुसन्धान गरिरहेको छ । गतवर्ष पुसमा भएको ठेक्का सम्झौता अनुसार एसिया इन्फो नामक कम्पनीले वार्षिक करिव ६५ करोड रुपैयाँका दरले पाँच वर्षमा ३ अर्ब रुपैयाँ भन्दा बढी भुक्तानी पाउनेछ ।

'नयाँ बिलिङ प्रणालीका लागि टेण्डर आह्वान गर्नुपर्नेमा पुरानै प्रणालीलाई निरन्तरता दिने र प्रतिस्पर्धाविना नै ठेक्का लम्ब्याउने निर्णय गरेको भेटिएपछि आयोगबाट अनुसन्धान भइरहेको हो' अख्तियार स्रोतले भन्यो, 'सञ्चालक समितिले गरेको निर्णय लगायतका सबै कागजात झिकाएर अध्ययन भइरहेको छ । छिट्टै यो प्रक्रियामा संलग्नहरुमाथि बयान सुरु हुनेछ ।'

नेपाल टेलिकम सञ्चालक समितिले २४ पुस, २०७९ मा बिलिङ प्रणालीको सेवा उपलब्ध गराइरहेको एसिया इन्फो नामक कम्पनीसँग चार वर्षका लागि वार्षिक मर्मतसम्भार सम्झौता (एनुअल मेन्टिनेन्स कन्ट्र्याक्ट-एएमसी) गर्ने निर्णय गरेको थियो ।

सञ्चालक समितिले आवश्यक परेमा थप एक वर्ष त्यस्तो सम्झौता लम्ब्याउन सकिने भनी प्रस्ताव अनुमोदन समेत गरेको छ । त्यतिबेलै सञ्चालक समितिले नयाँ टेण्डर प्रक्रिया अघि बढाउने निर्णय गरेपनि अहिलेसम्म प्रक्रिया अघि बढेको छैन ।

बिलिङ प्रणालीविना टेलिफोन र इन्टरनेट सेवा सञ्चालन हुन सक्दैन । कुनै उपभोक्ताले अर्को व्यक्तिलाई फोन गर्दा बिलिङ प्रणाली हुदै अर्को व्यक्तिसम्म सम्पर्क स्थापित हुन्छ । पर्याप्त ब्यालेन्स नहुदा बिलिङ प्रणालीले नै अर्को व्यक्तिसँग सम्पर्क गर्ने सुविधा दिदैन ।

**दशक पुरानो प्रणाली**

नेपाल टेलिकमले सन् २०१२ देखि अहिले सञ्चालनमा रहेको बिलिङ प्रणाली प्रयोग गरिरहेको छ । ८/९ वर्षमा परिवर्तन गर्नुपर्ने प्रणाली एक दशकदेखि चलिरहेकाले फोन नलाग्ने, लागेमा पनि सेवा अवरुद्ध हुने, बीचैमा काटिने लगायतका समस्या देखिएका छन् । नेपाल टेलिकममा बारम्बार सेवा अवरुद्ध हुने समस्या देखिएको छ ।




केही वर्षदेखि भएका विभिन्न अध्ययन र छानबिनले नेपाल टेलिकमको बिलिङ प्रणालीमा चुहावट रहेको औल्याउदै नयाँ बिलिङ प्रणालीमा जान सुझाव दिएका छन् ।

४ साउन, २०७८ मा टेलिकमको सञ्चालक समिति बैठकले 'नयाँ बिलिङ प्रणालीका लागि टेण्डर प्रक्रिया अघि बढाउने' भनी निर्णय गरेको थियो । तत्कालिन सञ्चार सचिव हरि बस्याल नेतृत्वको बोर्डको त्यो अन्तिम निर्णय थियो ।

टेलिकमको तत्कालिन सञ्चालक समितिमा रहेका एक सदस्यका अनुसार, बारम्बार चुहावट र सेवा अवरुद्ध भएको गुनासो आएपछि तत्काल अत्याधुनिक र नयाँ बिलिङ प्रणालीमा जानुपर्ने भनी व्यवस्थापनलाई निर्देशन दिने निर्णय भएको थियो ।

'त्यतिबेला पुरानो प्रणालीबाट नयाँमा डाटा ट्रान्सफर गर्न केही समय लाग्छ भनेपछि हामीले यसलाई लम्ब्याउनु हुदैन भनेको हौं', ती सञ्चालक भन्छन्, 'अत्यधिक चुहावट रहेको पुरानो प्रणालीलाई मर्मत सम्भारका नाममा लम्ब्याउनु हुदैन भन्ने त्यतिबेला हाम्रो निष्कर्ष थियो ।'

शेरबहादुर देउवा नेतृत्वको सरकार गठन भएसँगै २०७८ साउनमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव भएका बैकुण्ठ अर्याल नेपाल टेलिकमको सञ्चालक समितिको अध्यक्ष समेत बने ।

विवादास्पद पृष्ठभूमिका सुनिल पौडेललाई टेलिकमको प्रबन्ध निर्देशक बनाउन 'नेपाल दूरसञ्चार कम्पनी लिमिटेड प्रवन्ध निर्देशकको नियुक्ति र सेवा सुविधासम्बन्धी निर्देशिका, २०७५' परिवर्तन भयो ।

२४ चैत, २०७८ मा पौडेल टेलिकमको प्रवन्ध निर्देशक बनेपछि नयाँ बिलिङ प्रणालीको टेण्डर प्रक्रिया थप अवरुद्ध भयो । २ असोज, २०७९ मा एसिया इन्फोले लिएको पुरानो बिलिङ प्रणालीको मर्मतसम्भारको म्याद समेत सकिदै थियो । यो अवधिमा नयाँ टेण्डरका लागि सम्पूर्ण कागजात बनेर तयारी अवस्थामा थियो ।

'टेण्डरको सम्पूर्ण कागजात टेलिकमबाट लिक भएर एसिया इन्फोसम्म पुगेको रहेछ' अख्तियार उच्च स्रोतले भन्यो, 'टेण्डरको कागजातमा जे जस्ता विषयवस्तु समेटिएको थियो, तीसँग सम्बन्धित सफट्वेयर आधा रकममा दिन्छु भनी एसिया इन्फोले टेलिकममा प्रस्ताव पठायो । उसले गरेको प्रस्ताव गोप्य कागजातका विवरणसँग हुबहु मिल्दो थियो ।' पछिल्लो भर्सनको सफ्टवेयरको मात्रै शुल्क लिने प्रस्ताव राख्दै उसले निशुल्क रुपमा हार्डवेयर उपलब्ध गराउने, तर कम्तीमा पनि ६ वर्ष ठेक्का निरन्तर हुनुपर्ने शर्त राखेको थियो । गतवर्ष सञ्चार मन्त्रालयले नै गठन गरेको समितिले एसिया इन्फोको कामकारवाही र क्रियाकलापमा प्रश्न उठाउदै उसका प्राविधिकहरुको गैरजिम्मेवार पनका कारण सेवा अवरुद्ध भएको भनेको थियो ।

२९ पुसमा समस्या देखिन सुरु भएकामा दुई दिन सार्वजनिक विदा भएको कारण देखाई मर्मत भएन । ३ माघमा कार्यालय खुलेपछि मात्रै समस्या पहिचान गरी सेवा चालु भएको थियो । बारम्बार समस्या देखिएका बेला टेलिकमले भने प्रश्न उठेको ठेकेदारलाई नै 'मर्मतसम्भार'का नाममा थप ठेक्का दिइरहेको हो ।

गतवर्ष मर्मत सम्भारको ठेक्का अवधि समेत सकिएको अवस्थामा कुनैपनि बेला बिलिङ प्रणाली ठप्प हुन्छ भनी कोलाहल सिर्जना भएको नेपाल टेलिकमका एक इञ्जिनियरले बताए । त्यसपछि एसिया इन्फोकै प्रस्तावमाथि अध्ययन गर्न ११ औं तहका इञ्जिनियर नरेशकाजी शाक्यको नेतृत्वमा १२ सदस्यीय अध्ययन समिति बन्यो । शाक्यले बीचैमा अवकाश पाएपछि बिनिता श्रेष्ठले अध्ययन समितिको नेतृत्व सम्हालिन् ।

समितिले प्रस्ताव स्वीकारेपछि बिलिङ प्रणाली मर्मत सम्भारको ठेक्का बिना प्रतिस्पर्धा अघि बढ्ने प्रक्रिया अघि बढ्यो । त्यसवारे अनुसन्धानपछि अख्तियारले 'जे जसो गर्नुपर्ने हो, न्यूनतम लागतमा गर्नु र नयाँ टेण्डर प्रक्रिया अघि बढाउनू' भनी पत्र पठायो ।

टेलिकम स्रोतले भन्यो, 'त्यसपछि समेत मर्मतसम्भारका नाममा टेलिकमले प्रतिस्पर्धाविना नै सम्झौता गरेको हो ।' उसले 'बोलपत्र प्रकाशित गरेर ठेक्का प्रक्रिया अघि नबढे सम्बन्धित अधिकारी जिम्मेवार हुनुपर्ने' भनी पत्रमा चेतावनी समेत दिइसकेको थियो ।

टेलिकम क्षेत्रसँग सम्वद्ध प्राविधिकहरुका अनुसार, बिलिङ प्रणालीको टेण्डर प्रक्रिया टुंग्याउनमात्रै करिव ६ महिना लाग्छ । नयाँ प्रणाली स्थापनाका क्रममा सेवाग्राहीको सम्पूर्ण विवरण नयाँ प्रणालीमा सार्नु निकै चुनौतीपूर्ण काम हो । पुरानो ठेकेदार (एसिया इन्फो) को सहयोगबिना नयाँ प्रणालीमा 'डाटा माइग्रेसन' सम्भव नहुने भन्दै टेलिकम व्यवस्थापनले ठेक्कामा ढिलाई गरिरहेको हो । यही समस्या बुझेर अख्तियारले नयाँ टेण्डर प्रतिस्पर्धाबाट आउने कम्पनीलाई सुरुमै 'डाटा माइग्रेसनको सुनिश्चितता गर्न' ध्यानाकर्षण गराएको छ । यस्तै घटनाक्रमपछि टेलिकम सञ्चालक समितिले पुरानै ठेकेदार एसिया इन्फोसँग चार वर्ष र आवश्यक परेमा थप एक वर्ष 'मर्मतसम्भार' गर्न दिने भनी ठेक्का लम्ब्याउने प्रस्ताव अनुमोदन गरेको हो । ६० करोड रुपैयाँभन्दा बढीको खरिदको फाइल माथिल्लो तहबाट अनुमोदन हुनुपर्ने व्यवस्थाका कारण मर्मतसम्भारको ठेक्का लम्ब्याउने फाइल सञ्चालक समितिबाट अनुमोदन भएको हो ।

६ वर्षको अवधि मागेको एसिया इन्फोले कम अवधि पाएपछि दिनुपर्नेभन्दा कम फिचरयुक्त सेवा दिने भनी सम्झौता गरेको छ । यही निर्णयसँगै सञ्चालक समितिले 'नयाँ बिलिङ प्रणाली खरिद गर्ने' भन्ने सैद्धान्तिक निर्णय समेत गरेको थियो । पुरानो बिलिङ प्रणालीको 'मर्मत सम्भार' ठेक्का चार वर्ष लम्ब्याउन स्वीकृति दिने निर्णय गर्दा सञ्चार सचिव बैकुण्ठ अर्याल(हालका मुख्यसचिव) टेलिकम सञ्चालक समितिका अध्यक्ष थिए । त्यो सञ्चालक समितिमा नेपाल टेलिकमका प्रवन्ध निर्देशक सुनिल पौडेल, कानून मन्त्रालयका सहसचिव सुशील कोइराला थिए ।

अर्थ मन्त्रालयका सहसचिव भूपाल बराल, सञ्चार मन्त्रालयका सहसचिव उत्तरकुमार खत्री सदस्य थिए । समितिमा पब्लिक शेयर होल्डरको तर्फबाट अम्बिका प्रसाद पौडेल र कर्मचारीहरुको तर्फबाट शंकर लामिछाने सदस्य थिए भने कम्पनी सचिव राजेन्द्र अर्याल सदस्य सचिवको भूमिकामा थिए ।

नवनियुक्त प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मन्त्रिपरिषद विस्तार गर्न नपाउदै सञ्चार मन्त्रालयको प्रशासनिक नेतृत्व यससम्बन्धी निर्णयमा संलग्न थियो । सम्झौता भएको जानकारी हुनासाथ प्रधानमन्त्री दाहालले नवनियुक्त सञ्चारमन्त्री रेखा शर्मा, तत्कालिन मुख्यसचिव शंकरदास बैरागीलाई राखेर तत्कालिन सचिव अर्यालसँग यसबारे सोधपुछ र केरकार गरेका थिए ।

प्रधानमन्त्री कार्यालय स्रोतका अनुसार, 'सुरुमा यसबारे कडा रुपमा प्रस्तुत भएका प्रधानमन्त्री पछि भने एकाएक सेलाए र उनैलाई मुख्यसचिव नियुक्त गरे ।' नेपाल टेलिकम तत्कालिन अध्यक्ष एवं हालका मुख्यसचिव बैकुण्ठ अर्याल सञ्चालक समितिले ठेक्का लम्ब्याएको नभई अख्तियारको निर्देशन अनुसार, शीघ्र टेण्डर प्रक्रिया अघि बढाउन निर्देशन दिएको बताउँछन् ।

'सञ्चालक समितिले अख्तियारको निर्देशन अनुसार टेण्डर प्रक्रिया अघि बढाउने र तत्कालको समस्या समाधान गर्न वार्षिक मर्मतसम्भार सम्झौता (एएमसी) गर्ने भनेको छ' उनले संचारकर्मीसँग भने, 'कति बर्षका लागि सम्झौता गर्ने भन्ने विषय व्यवस्थापनको हो, सञ्चालक समितिको होइन ।'

उनले ७ फागुन, २०७९ मा एक महिनाभित्र टेण्डर गर्न निर्देशन दिएको, लगत्तै आफ्नो सरुवा भएको भन्दै त्यसपछि समेत टेण्डर हुन नसकेको बताए ।

*(स्रोत: अनलाइनखबर)*

# राक्सिराङमा कृषिउपज तथा रैथाने बाली बिक्री केन्द्र स्थापना



साझाकुरा संवाददाता

हेटौंडा, ९ माघ/ जिल्लाको विकट राक्सिराङ गाउँपालिकामा स्थानीय उत्पादन कृषिउपज तथा रैथाने बाली बिक्रीकेन्द्र स्थापना भएको छ ।

गाउँघरमै उत्पादित रैथाने कृषिउपजलाई बजारीकरण गर्ने उद्देश्यका साथ राक्सिराङ गाउँपालिका-८, स्थित हिमाली देवीटार कृषि सहकारी संस्था लिमिटेडले स्थानीय उत्पादन कृषिउपज तथा रैथाने बाली बिक्री वितरण र संकलन केन्द्र स्थापना गरेको हो । संस्थाको चौथो वार्षिक साधारणसभाको अवसरमा मंगलबार गाउँपालिका अध्यक्ष राजकुमार मल्लले केन्द्रको उद्घाटन गरेका छन् ।

केन्द्रको उदघाटन गर्दै अध्यक्ष मल्लले संस्थाले राम्रो कामको सुरुवात गरेको भन्दै रैथाने बालीको उत्पादन बढाउन आग्रह गरे । उनले संकलनकेन्द्रमा रैथाने कृषिसामग्रीको अभाव कहिल्यै पनि हुन नदिन आग्रह गर्दै लोप हुँदै गएका रैथाने बालीको संरक्षण र उत्पादन बृद्धि गर्न गाउँपालिकाले अनुदानको व्यवस्था गर्ने बताए । उनले कृषिउपज उत्पादन भई संकलन गर्नसके पर्यटनक्षेत्रमा समेत यसले टेवा पुग्ने बताए ।

उनले निकट भविष्यमै गाउँपालिकाले कृषि एम्बुलेन्स चलाउने भन्दै रैथाने बाली, कृषि उपजलाई बजारीकरणको लागि ब्राण्डिङ गर्दै लैजाने समेत बताए । गत आर्थिक बर्ष २०७९/८० मा विनियोजित ८ लाख रुपैयाँको बजेटबाट ३ कोठाको भवनमा सहकारी संस्थाले रैथाने बाली बिक्री वितरण र संकलनकेन्द्र स्थापना गरेको हो । संकलनकेन्द्रमा संस्थाले मकैको पीठो, गुन्द्रुक, चिउरीको पिना, घ्यु, वनतरुल, कोदोको पीठो, फापरको पीठो, तोरी, मास, मस्याङ, केरा, गहत, जुनेलो, डोको, मान्द्रो, तामा, पिंडालु, सिमल तरुललगायत २० प्रकारको स्थानीय उत्पादन बिक्रीको लागि राखेको छ ।

'हाम्रै गाउँघरमा उत्पादित रैथाने बाली तथा कृषिउपज संकलन गरेर बिक्रिका लागि राखेका छौं । कृषकले उत्पादन गरेको बालीलाई बजारभाउमै गाउँमै खरीद गरी व्यावसायीकरण गर्ने सहकारीको लक्ष्य छ । मौलिक र रैथाने बालीलाई ठुलाठुला बजारसम्म पुऱ्याउन पहल भइरहेका छन् ।' उनले भने । कार्यक्रममा वडा नम्बर-८ का युसाई प्रजा, गाउँपालिकाको कृषि शाखा प्रमुख कृष्ण डुम्रे, वडाका सवइन्जिनियर मनोज प्रजा, राष्ट्रिय जनवकालत मञ्च (नाफान) का सन्तोष थापा लगायतको आतिथ्यता थियो । संस्थालाई गाउँपालिका, राष्ट्रिय जनवकालत मञ्च नाफान लगायत संस्थाले सहयोग समेत गरेको छ ।

# मकवानपुरगढी जेसीजको पहिलो पदस्थापना

साझाकुरा संवाददाता

हेटौंडा, ९ माघ/ मकवानपुरगढी जेसीजको पहिलो पदस्थापना सोमबार हेटौंडामा सम्पन्न भएको छ । बागमती प्रदेश सामाजिक विकासमन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यतामा पदस्थापना एवम् पुरस्कार वितरण भएको हो ।

कार्यक्रममा प्रमुख अतिथि मोक्तानले युवाको नेतृत्व क्षमताको विकासमा जेसीजको महत्वपूर्ण भूमिका रहेको बताइन् । वर्ष २०२३ का अध्यक्ष पुष्पराज पुडासैनीले वर्ष २०२४ का अध्यक्ष बिजय पुडासैनीलाई पदभार हस्तान्तरण गरेका थिए । वर्ष २०२३ मा संस्थाका पदाधिकारी र सहयोग गर्ने संघसंस्थालाई सम्मान एवम् पुरस्कार बितरण गरिएको थियो ।

कार्यक्रममा मकवानपुर गढी जेसीजलाई सहयोग पुऱ्याउने बिभिन्न ब्यक्तिलाई सम्मान गरिएको थियो । संस्थापक अध्यक्ष पुष्पराजले आफ्नो हजुरबुवाको नाममा स्थापना गरेको ५००० रुपैयाँ राशीको बुद्धिप्रसाद पुडासैनी स्मृति पत्रकारिता पुरस्कारबाट पत्रकार महासंघका सहसचिव एमपी शर्मालाई सम्मान गरिएको छ । मकवानपुरगढी गाउँपालिकालाई कार्यक्षेत्र बनाई सामाजिक र आर्थिक क्षेत्रमा कलम चलाएको भन्दै शर्मालाई सम्मान गरिएको हो । पत्रकार शर्माले प्राप्त गरेको ५ हजार रुपैयाँ मकवानपुरगढी-७ निबासी क्यान्सर पीडित धनकुमारी लोलाई सहयोग गरेका छन् ।

पदस्थापन कार्यक्रममा बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी छिन्तु, हेटौडा उपमहानगर पालिका उपप्रमुख राजेश बानिया, बागमती प्रदेश युवा परिषद्का उपाध्यक्ष सन्तोष चौलागाई, मकवानपुरगढी गाउँपालिका उपाध्यक्ष मानकुमारी पाखिनलगायत वडाअध्यक्षहरु, गाउँपालिकाका बिभिन्न शाखाप्रमुखहरुको आतिथ्यता रहेको थियो ।

# थाहा र मकवानपुर गढी अनुदानका लागि छनोट

साझाकुरा संवाददाता

हेटौंडा, ९ माघ/ मकवानपुरको दुई स्थानीय तह अनिवार्य तथा नि:शुल्क शिक्षा घोषणासम्बन्धी अनुदानका लागि छनोटमा परेको छ । छनोटमा पर्नेमा थाहा नगरपालिका र मकवानपुर गढी गाउँपालिका छन् ।

बागमती प्रदेश सामाजिक विकास मन्त्रालय अन्तर्गत शिक्षा विकास निर्देशनालयले १० जिल्लाका १८ स्थानीय तह अनिवार्य तथा नि:शुल्क शिक्षा घोषणासम्बन्धी अनुदानका लागि छनोट गरेको हो । बागमती प्रदेशकमा १३ जिल्लामा १ सय १९ स्थानीय तह रहेका छन् । यसैबीच विपद व्यवस्थापनका लागि शिक्षा विकास निर्देशनालय बागमती प्रदेशले थाहा नगरपालिकाको सरस्वती माविलाई छनोट गरेको छ ।

बागमती प्रदेशका २५ विद्यालय छनोट गर्दा थाहा नगरपालिका-७ को सरस्वती मावि समावेश भएको हो । सरस्वती माविले विद्यालयमा विपद् व्यवस्थापनको कार्य गर्न सम्झौता पश्चात् ७ लाख रुपैयाँ पाउने भएको छ । निर्देशनालयले विद्यालयलाई सम्झौता गर्न यही ११ माघमा बोलाएको छ । विपद व्यवस्थापनका लागि छनोट भएका विद्यालयका लागि शिक्षा विकास निर्देशनालय हेटौंडाले न्युनतम ६ लाखदेखि अधिक्तम १० लाख रुपैयाँ उपलब्ध गराउने छ । विद्यालयलाई कुल १ करोड ९५ लाख रुपैयाँ वितरण गरिने भएको छ ।

# छैठौं बागमती गोल्डकप फागुन पहिलो साताबाट

साझाकुरा संवाददाता

हेटौंडा, ९ माघ/छैठौं संस्करणको बागमती गोल्डकप आगामी फागुन १ गतेदेखि सुरु हुने भएको छ । सोमबार पत्रकार सम्मेलनको आयोजना गर्दै आयोजक बागमती खेलकुद विकास समितिले प्रतियोगिताबारे जानकारी दिएको हो ।

सम्मेलनमा बागमती गाउँपालिकाको खेलकुद विकास समितिका अध्यक्ष टीकालाल श्रेष्ठले गोल्डकपमा ६ वटा ए डिभिजन क्लब, ३ मोफसल र एक विदेशी टोलीको सहभागिता रहने बताए । गत संस्करण ए डिभिजन क्लब संकटालाई हराउँदै विदेशी टोली एफसी भुटनिज स्पोर्टस् क्लबले उपाधि हात पारेको थियो । यस संस्करणमा भने भुटनिज क्लबले सहभागिता नजनाउने अध्यक्ष श्रेष्ठले बताए ।

प्रतियोगिताको विजेता र उपविजेता समूहले क्रमश: १० लाख र ५ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिता फागुन १० गतेसम्म संचालन हुने आयोजकले जनाएको छ ।

पत्रकार सम्मेलनमा बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलान, बागमती गाउँपालिका-३, का वडाअध्यक्ष कमानसिं पाखिन, ४ नम्बर वडाअध्यक्ष दन्तलाल माझी, पालिका प्रमुख प्रशासकीय अधिकृत झम्कनारायण घलान, मकवानपुर जिल्ला फुटबल संघका वरिष्ठ उपाध्यक्ष अरुण बललगायतको सहभागिता रहेको थियो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**PrinterShop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

## प्रधानमन्त्री कप क्रिकेट :

# हिरोबाट भिलेन अनि फेरि हिरो बनेका करन पंगेनी

काठमाडौं/मंगलबार त्रिवि क्रिकेट मैदान, कीर्तिपुरमा गण्डकी प्रदेशले प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय प्रतियोगितामा बागमती प्रदेशमाथि तीन विकेटको रोमाञ्चक जित हात पाऱ्यो ।

जितको लागि पाएको १९९ रनको लक्ष्य गण्डकीले ४९.३ ओभरमा ७ विकेट गुमाउँदै पूरा गर्यो । गण्डकीको जितमा १७ वर्षीय युवा ब्याटर करन पंगेनीले ९८ बलमा ६ चौका र ३ चौकासहित सर्वाधिक ७९ रनको विजयी इनिङ खेले ।

गण्डकीको जितमा कमल परियारपछि उनी अर्को नायक थिए । तर त्यो विजयी इनिङ खेल्ने क्रममा करनले दुई गल्ती गरे । त्यही कारण एक समय टोलीको भिलेन बन्न सक्ने डर बढेको थियो ।

१६औं ओभरको पहिलो बलमा ओपनर समिर कँडेल १९ रनमा क्याच आउट भएपछि चौथो नम्बरमा ब्याटिङमा उनी मैदान छिरेका थिए । त्यो समय गण्डकी ६३-२ को अवस्थामा थियो ।

२०औं ओभरको अन्तिम बलमा स्पिनर विपिन आचार्यलाई छक्का हान्दै बाउन्ड्रीको सुरुवात गरे । २८औं ओभरमा विपिनलाई छक्का र चौका हान्दै गण्डकीको जितको आधार बलियो बनाए । । उमेर कलिलो भए पनि उनले मैदानमा देखाएका आत्माविश्वास र सट तारिफ योग्य थियो । उनले मुश्कान थापासँग मिलेर चौथो विकेटका लागि ७० रनको साझेदारी गरेपछि गण्डकी ३५.२ ओभरमा १३३-२ को बलियो अवस्थामा पुग्यो । तर अर्को बलमा मुश्कान रन आउट भए । एक रन लिन सक्ने अवस्था रहेपनि तालमेल गर्न नसक्दा सेट भएका मुश्कानलाई २७ रनमा गुमाउनु परेको थियो ।

३८ औं ओभरमा अमृत गुरुङ पनि आउट भए । गण्डकीका भरपर्दा क्लिनहिटर तथा फिनिसर विपिन त्यसपछि खेल्न आएका थिए । तर ४० औं ओभरको पाँचौं बलमा करनको गल्तीका कारण विपिन रन आउट हुन पुगे ।

त्यो गण्डकीको लागि ठूलो झड्का थियो । हातमा बाँकी पाँच विकेट थियो, तर दबाबमा खेलेको अनुभव अन्य खेलाडीसँग थिएन । त्यो दुईवटा रन आउटकै कारण गण्डकी हार्न सक्ने खतरामा परेको थियो । विपिन आउट हुँदा करन ५० रनमा थिए । जितको लागि ५१ रन आवश्यक थियो । बागमतीको बलिङ उत्कृष्ट हुँदा खेल ढुकचुक भएको थियो । त्यसपछि करनले टोलीको इनिङलाई अघि बढाए । जितको लागि अन्तिम २४ बलमा २४ रन चाहिएको थियो । रिजन



ढकाललाई ४७ औं ओभरको तेस्रो बलमा स्टेटमा एक सुन्दर छक्का हान्दै जित केही सहज बनाए ।

४९ औं ओभरको पहिलो बलमा प्रतिशले कमल परियारलाई २० रनमा आउट गरे । कमल आउट भएको अर्को बलमा करनले प्रतिश जिसीलाई चौका हान्दै जिततर्फ अघि बढाए । जितको लागि ७ बलमा ४ रन चाहिँदा करन टप एज लागेर स्लिपमा अशोक पौडेलबाट क्याच आउट भए । गण्डकीलाई पाँच बलमा जित्न ३ रन चाहिँदा ईशान पाण्डेलाई अंकित न्यौपानेले प्रहार गरेको सट लङअफमा अशोक पौडेलले छाड्न पुगेका थिए । तेस्रो बलमा अंकितले एज लगाएर चौका गरेपछि त्रिवि क्रिकेट मैदानमा गण्डकीले प्रतियोगिताकै उत्कृष्ट विजयी सेलेब्रेसन गर्यो ।

खेलपछि विपिनले त्यो दुई रन आउटपछि हारको डर बढेको सुनाए । 'त्यो बल उसले हान्यो । रन रन भनेर मलाई कल गऱ्यो । उसको कल भएपछि म भागे । तर उ नो भनेर बसेपछि म आउट भएँ,' त्यो रन आउटबारे विपिनले भने ।

'आफू रन आउट भएपछि हारिन्छ कि भन्ने डर लागेको थियो । करनको त्यो दुई रन आउटले खेल हार्न सकिन्छ कि भन्ने मनमा आइराखेको थियो । तर उ फोकस भएर ब्याटिङ गरेकोमा खुसी छु' उनले अघि भने । करनले पनि तालमेलको कमी हुँदा विपिनको रन आउट भएको बताउँछन् । 'दाइले एस एस भन्दा मैले नो नो भने, त्यो मेरो गल्ती हो । आगामी खेलमा म यो गल्ती सुधार गर्छु करन पंगेनीले भने, 'यहाँबाट हारेमा मलाई टोलीले गाली गर्छ भन्ने डर थियो । तर म सेट हुँदा खेल जिताउन सक्नेमा पूर्ण विश्वास थिएँ ।'

सुरुवात देखिनै बागमतीका खेलाडीले गण्डकीका ब्याटरको ध्यान भड्काउने कोशिस गरेका थिए । लगातर ब्याटरको ध्यान अन्त मोड्न आक्रामक सेलेब्रेसन होस् वा जिस्काएर खेलेका थिए ।

तर आफूले ती सबै कुरा बेवास्ता गरेर खेलेको करन बताउँछन् । 'म बेवास्ता गरेर खेलेको थिएँ । त्यो समय म आफ्नो बलमा ध्यान केन्द्रित गरेर खेल्ने रणनीति बनाएँ । त्यस्तो माथिल्लो स्तरमा झन् धेरै आउँछ', उनले भने । खेल जितेपछि गण्डकीले सेलेब्रेसन अझ हेर्न लायक थियो । 'हाम्रो टोलीमा भर्खर खेलेका खेलाडी छन् । अनुभव छैन । यस्तो अवस्था नझेलेको हुँदा फोकस आउट भएर कतै आफ्नो विकेट फाल्ने हो कि भन्ने डर थियो । तर उनीहरुले कन्ट्रोल गरेर ब्याटिङ गरे । त्यसै अनुसार जित्दा उनीहरुले मैदानमा हामीलाई गरेको देखाउँ भन्ने हुँदा त्यो किसिमको सेलेब्रेसन भएको हो' कप्तान विपिनले भने ।

स्याङ्जामा जन्मिएका करन दिल्लीमा बसेर क्रिकेट सिक्न थालेको झन्डै चार वर्ष हुन लागेको छ । क्रिकेटको समयमा नेपाल आउँदा अन्य समय दिल्ली पुगेर अभ्यास गर्दछन् । करन आगामी दिनमा राम्रो सम्भावना बोकेका युवा खेलाडी हुन् ।

*(स्रोत: अनलाइनखबर)*

